# सुसमाचार - पत्र

-Rev. Ryu Kwang Su

## विषयसूचि

१. मानिस किन खुसी छैन् ?
२. किन मानिस परमेश्वरलाई भेट्न सक्दैन् ?
३. परमेश्वरलाई कसरी भेट्न सकिन्छ ?
४. किन हाम्रो लागि येशु एक मात्र बाटो हो ?
५. किन मसंग आत्मविश्वास छैन ?
६. अब मुक्ति पाएका मानिस कसरी परिवर्तन हुनुपर्छ ?
७. अब तपाईले कसरी सुरु गर्नुपर्छ ?
८. कहिले परमेश्वरको शक्ति प्रकट भयो ?
९. प्रार्थना एक आध्यात्मिक विज्ञान हो ।
१०. किन प्रार्थना गर्दा बिरामी निको हुन्छ ?

## १
## मानिस किन खुसी छैन ?

किनकी सबैले पाप गरेका छन् र परमेश्वरको महिमासम्म पुग्न बाट चुकेका छन् । (रोमी३:२३)

किन र के कारणले मानिस खुसी हुन असफल छ जो खुसी हुनुपर्ने थियो ? तिनीहरू दु:खमा बाँचिरहेको छ अनि परिवार, स्वास्थ्य, आर्थिक, मानसिक र भविष्यको चिन्ताहरू जस्ता समस्याहरूले पिडित छन् । खुसीको खोजीमा, तिनीहरू जाडरक्सी, जुवा, मनोरञ्जन वा हारेको जीवनमा डुबिरहेको छ । यसको कारण के हो?

१. किनकी तिनीहरू परमेश्वरबाट छुट्टिएका छन् ।
(१) तिनीहरूको अनाज्ञाकारिताले परमेश्वरको अज्ञानी भएका छन् ।
(२) फलस्वरूप, तिनीहरू पापको अवस्थामा परेका छन् ।
(३) तिनीहरू सबै प्रकारका समस्याहरूबाट ग्रसित भएका छन् ।
० मानसिक समस्या ( मत्ती ११:२८)  ० बेकार र असन्तुलित जीवन ( मत्ती १२:२५)
० शारीरिक समस्याहरुबाट पिडित ( प्रेरित ८: ७-८, मत्ती ८:१६-१७)  ० मुख्य कारण - आध्यात्मिक समस्या
(४) समाधानको खोजीमा, तिनीहरू अन्धविश्वास र धर्महरूमा गए ।

२. बाइबलले हामीलाई बताउँछ कि दु:ख कहिलेबाट सुरु भयो ।
(१) मानिसको पूर्वज आदम र हवाको पालादेखि यो सुरु भयो ।
(२) मुख्य कारण (उत्पत्ति ३:१-१५) : परमेश्वरको वचनको अनाज्ञाकारी भएर पाप गऱ्यो ।
(३) निष्कर्ष ( उत्पत्ति ३:१६-१९)  : समस्या र श्रापमा पर्नु

३. दु:ख कहिलेसम्म रहन्छ ?
(१) अहिलेसम्म यो निरन्तर छ । ( एफिसी २:१-२)  (२) यो निरन्तर बढिरहेको छ । ( मत्ती ११:२८-२९)
(३) हामीले प्रयास गरेतापनि समस्याको समाधान गर्न असफल छौ ।

४. त्यसो भए यो दु:ख किन सकिदैन ?
(१) त्यहाँ कोही छ जसले हामीमा दु:ख ल्याएको छ ।
(२) बाइबलमा त्यसको नाम उल्लेख छ :  ० शैतान  ० दुष्ट  ० दानव
(३) त्यो कहिले आयो ?
० स्वर्गदूत भ्रष्ट भए र स्वर्गबाट झरे । ( २८:१४-१९) ० ऊ स्वर्गबाट फालियो र हावामा फालियो ( एफिसी २:२)
० मानिसलाई बर्बाद गर्न ऊ पृथ्वीमा घुमफिर गर्छ ।  ० अन्तत : ऊ नरकमा पठाइनेछ । ( मत्ति २५:४१)

५. यदि तपाई परमेश्वरको अज्ञानी भए के होला ?
(१) आध्यात्मिक समस्याहरू आउनेछ । (यूहन्ना ८:४४)
(२) सत्यता थाहा नपाई दु:खमा पर्ने (प्रेरित १०:३८, ८:७-८)
(३) खुसी नहुनु ( मत्ती १२:२५-२८)  (४) मनमा शान्ति नहुनु (मत्ती ११:२८)
(५) शारीरिक समस्याहरू हुनु ( प्रेरित ८:४-८)  (६) मानसिक समस्याहरू हुनु ( प्रेरित १६:१६-१८)
(७) नरकको भागिदार हुनु ( लूका १६:१९-३१)

६. यो संसारमा अरूबाट पाइने शान्ति केवल अस्थाई छ ।
(१) सांसारिक  (२) शारीरिक  (३) मनोरञ्जनको लागि मात्र  (४) ठुलो दु:खको कारण

* ईश्वरीय, भविष्यवाणी, तन्त्रमन्त्र
(१) लामो समयको अनुभवको निष्कर्ष - असफलता
(२) आध्यात्मिक स्वतन्त्रताको बाटो
० परमेश्वरको वचन अनाज्ञाकारी भएकोले पाप र पापको कारण मानिसमा समस्याहरू आएको कुराको महसुस गर्नु ( मानिसको आधारभूत समस्या: अत्पत्ति अध्याय ३ )
० येशलाई विश्वास गर्न र स्वीकार्न (यहन्ना १:१२)  ० परमेश्वरसंग भएको अधिकार प्राप्त गर्न (मत्ती २८:२०)

# २
# किन मानिस परमेश्वरलाई भेट्न सक्दैन?

"अरू कसैमा मुक्ति छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरूमा अर्को कुनै नाउँ दिइएको छैन।"( प्रेरित ४:१२)

मानिस दुःखी छन् किनकी तिनीहरू परमेश्वरबाट छुट्टिएका छन् । परमेश्वर विनाको जीवन कष्टमय छ । त्यसो भए, किन मानिस परमेश्वरलाई भेट्न सक्दैन?

१. किनकी मानिस परमेश्वरबाट छुट्टिएको छ ।
(१) तिनीहरूको आत्मा मरेका छन् । ( एफिसी २:१)
(२) परमेश्वरको आत्माले तिनीहरूलाई छोडेको अवस्था छ ।
० वास्तविक मानिस - मानिससंग परमेश्वरको आत्मा थियो । ( उत्पत्ति १:२७ )
० पतनपछि, परमेश्वरको आत्माले मानिसलाई छोड्यो र मानिस आध्यात्मिक रूपमा मऱ्यो । त्यसैले निरन्तर रगत बली बिना मानिस तुरुन्तै श्राप पाउँछ । (कायिन )
० परमेश्वरको आत्माले छोडेपछि , शैतानको आत्मा भित्र पस्यो र शासन थाल्यो ।
(३) तिनीहरू परमेश्वरको इच्छा विपरीत भए किनकी तिनीहरूको ज्ञान र बुद्धि पनि अन्धकार भए ।

२. मानिस परमेश्वरलाई भेट्न संघर्षरत छन् ।
(१) मानिस आध्यात्मिक प्राणी हो । त्यसैले प्राकृतिक स्वभावले हामी परमेश्वरलाई खोज्छौं ।
(२) मानिस  सोच्छन् कि इमान्दार भएर परमेश्वरलाई भेट्न सकिन्छ तर अन्तमा असफल हुन्छ ।
(३) मानिस सोच्छन् कि धर्म नै बाटो हो । त्यसैले धार्मिक जीवन अपनाउन खोज्छ ।
(४) आदर्शद्वारा मानिस परमेश्वरलाई भेट्न खोज्छन् तर तिनीहरू असफल छन् र शून्यतामा परेका छन् ।
(५)यो सबैको कारण मानिसलाई वास्तविक पापको बारे थाहा नभएर हो ।

३. यदि तपाईले मुक्ति पाउनु भएन भने तपाईले परमेश्वरलाई भेट्न सक्नु हुन्न ।
(१) सर्वप्रथम तपाईले परमेश्वरलाई भेट्नको लागि मुक्ति पाउनु पर्छ ।
(२) पुनर्जन्म विना तपाईले परमेश्वरलाई देख्न सक्नु हुन्न ।
(३) मुक्ति भनेको शैतानबाट छुट्कारा पाउनु हो ।
(४) मुक्ति भनेको पापबाट मुक्त हुनु हो ।
(५) मुक्ति भनेको नरकको शक्तिबाट छुट्कारा पाउनु हो ।
(६) नरक भनेको शैतानको छोराछोरीहरूका लागि बनाइएको ठाउँ हो ।
(७) स्वर्ग भनेको परमेश्वरको छोराछोरीहरूको ठाउँ हो ।

४. जस्तै लाश चल्न सक्दैन त्यस्तै मृत आत्माको काम बेकार छ ।
(१) मुक्ति नपाएका कामहरू केवल बाह्य परिवर्तनमा हुन्छ ।
(२) ती कामहरू राम्रा होलान् तर मुक्ति पाउन सक्दैन ।
(३) स्वर्ग पाउनलाई पृथ्वीमा कुनै त्यस्तो मूल्यवान चीज छैन् ।

५. किन कामद्वारा तपाईले मुक्ति पाउन सकिन्न ?
(१) तपाईले आफ्नै प्रयासले आफ्नो आत्मालाई पुनर्जिवित पार्न सक्नु हुन्न ।
(२) तपाईले अरूको सहयोगमा आफ्नै आत्मालाई पुनर्जिवित पार्न सक्नु हुन्न ।
(३) शैतानलाई जित्न कसैलाई पृथ्वीमा पठाएको छैन् । ( प्रेरित ४:१२)
(४) मुक्ति भनेको परमेश्वरको कृपा हो ।

* उपचार - खराब सपनाहरू
(१) स्वास्थ्य समस्याहरू - निरन्तर व्यायाम, सन्तुलित जीवन, पोषण
(२) मनन प्रार्थना         - ध्यान
(३) अनुसूचित प्रार्थना   - दानियल ६:१०, उत्पत्ति १३:१८, प्रेरित ३:१, प्रेरित १६:१६-३१

## ३
## परमेश्वरलाई कसरी भेट्न सकिन्छ ?

येशूले तिनलाई भन्नुभयो, "बाटो, सत्य र जीवन म नै हुँ। मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन।" (यूहन्ना १४:६)

१. परमेश्वर आत्मा हुनुहुन्छ ।
(१) परमेश्वर आत्मा हुनु भएकोले तपाईले आफ्नो शारीरिक आँखाले उहाँलाई देख्न सक्नु हुन्न ।
(२) त्यसैले परमेश्वर कोही वा कुनै चीजबाट नियन्त्रित हुनुहुन्न । मानिसद्वारा नियन्त्रित हुने चीज परमेश्वर होइन । त्यो त मूर्ति हो । ( १ कोरिन्थी १०:२०)
(३) किनकी परमेश्वर आत्मा हुनुहुन्छ र उहाँ सर्वव्यापी हुनुहुन्छ ।
(४) उहाँ सर्वज्ञानी हुनुहुन्छ ।
(५) उहाँ सर्वशक्तिमान हुनुहुन्छ ।
(६) त्यसैले उहाँलाई यहोवाह भनी पुकारिन्छ ।
(७) हामी आध्यात्मिक प्राणी भएकोले मुक्ति भनेको परमेश्वरसंगको भेट हो जो आत्मा हुनुहुन्छ ।

२. तर तपाईसंग भौतिक शरीर भएकोले
(१) तपाई परमेश्वरलाई देख्न सक्नु हुन्न ।
(२) तपाइको भौतिक शरीरलाई नियन्त्रण गर्ने मुख्य चीज नै तपाईको आत्मा हो ।
(३) भौतिक शरीरबाट आत्मा छुट्टिनु नै मृत्यु हो ।
(४) जब तपाई आफ्नो भौतिक शरीरमा रहिरहनु हुन्छ त्यो नै मुक्तिको लागि अवसर हो ।

३. परमेश्वरलाई भेट्ने तरिका
(१) परमेश्वर जो आत्मा हुनुहुन्छ मानिसलाई बचाउन मानिसको रुपमा आउनुभयो । (यूहन्ना १:१४)
(२) त्यसैले उहाँ पाप रहित हुनुहुन्छ र उहाँको आत्मा परमेश्वरको आत्मा हो ।
(३) उहाँ येशु ख्रीष्ट हुनुहुन्छ ।
(४) येशुसँग दुवै ईश्वरीय र मानवीय स्वभाव छ । (मत्ती १६:१६-१९)
◦ मसीह(ख्रीष्ट) - मुक्तिदाता, परमेश्वर ◦ परमेश्वरको पुत्र - मानव शरीरमा आउनुभयो
(५) परमेश्वरसंग भेट्ने बाटो येशु ख्रीष्टलाई स्वीकार्नु (यूहन्ना १:१२, प्रकाश ३:२०)
(६) जब तपाईले येशु ख्रीष्टलाई स्वीकार्नु हुन्छ तब पवित्र आत्मा तपाईमा आउनुहुन्छ । यो नै मुक्ति हो । (यूहन्ना १४:१५, २६-२७ )
(७) त्यो बेला शैतानको शक्ति पूर्ण रूपले नाश हुन्छ ।
(८) येशुलाई पाउन इमान्दार साथ प्रार्थना गरौं ।

४. परमेश्वर तपाईसँग हुनु भएको प्रमाण
(१) जब पवित्र आत्मा तपाईमा आउँछ तब उहाँले तपाईलाई डोऱ्याउनु हुन्छ र सधैं पवित्रताको मार्गमा हिडाउनु हुन्छ । ( यूहन्ना १४ :२६-२७)
(२) जब तपाईले सही रूपले परमेश्वरको वचन प्राप्त गर्नुहुन्छ तब पवित्र आत्माले तपाईलाई डोऱ्याउनु हुन्छ ।
◦ बाइबल परमेश्वरको जीवित वचन हो ।
◦ जब तपाईले वचन पाउनु हुन्छ तब तपाईको आत्मा पुनर्जीवित हुनेछ । (हिब्रू ४:१२)
(३) जब तपाईको पाप क्षमा हुन्छ तब पवित्र आत्माद्वारा तपाई डोऱ्याइनेछ ।
(४) जब तपाई इमान्दार र निरन्तरको साथ विशेष प्रार्थनाको शीर्षकहरुमा प्रार्थना गर्न समय निकाल्नु हुन्छ तब तपाईले परमेश्वरको शक्तिको अनुभव गर्नुहुनेछ ।
(५) शैतान जसले तपाईलाई समाउन सकेन, त्यसले आफ्नो राक्षसहरुद्वारा तपाईलाई बाधा पुऱ्याउन कोसिस गर्नेछ । त्यसैले परमेश्वरले हामीलाई पवित्र आत्माले भरिपूर्ण हुन भन्नुभएको छ । (एफिसी ५:१८)
(६) जब तपाई पवित्र आत्माले भरिनेछ तब शक्ति प्राप्त गर्नेछ । (प्रेरित १:८)
तपाई जीत्न सक्नुहुनेछ
◦ आफैलाई ◦ संसारलाई ◦ शैतानलाई
(७) प्रचारको ढोकाहरू खोल्नेछ I
(८) परमेश्वर जीवित हुनुभएको प्रमाण देखा पर्नेछ ।
(९) यूहन्ना १४ : ६ बुइन सक्नुहुन्छ ?

* उपचार - चिन्ता
(१) वचन, जीवनको सास (इजकिएल ३७:१-१०)
(२) निरन्तर प्रार्थनाको तरिका र शक्ति

# ४
# किन हाम्रो लागि येशू एक मात्र बाटो हो ?

जसले पाप गर्छ त्यो दियाबलसको हो। किनकि दियाबलसले त सुरुदेखि नै पाप गर्दैआएको छ। दियाबलसका कामहरू नष ट पार्नलाई नै परमेश् वरका पुत्र प्रकट हुनुभएको हो। (१ यूहन्ना ३:८)

१. धेरै मानिस जीवनबाट मुक्ति छुट्याउन सक्दैन ।
(१) तिनीहरू सोच्छन् कि सबै धर्म एक हुन् ।
(२) तिनीहरू सोच्छन् कि सबै धर्मको उद्देश्य असल कार्यहरू गर्नुहो।
(३) तिनीहरू सोच्छन् कि मुक्तिको बाटो चाहिँ साहसी र असल कुराहरू हुन् ।
(४) ईसाइ धर्म होइन तर आफैँमा जीवन हो ।
(५) धर्म मानिसद्वारा बनाइएको हो तर सुसमाचार परमेश्वरद्वारा दिइएको हो ।
(६) धर्म ईश्वरलाई खोज्ने कुरा हो तर सुसमाचार भनेको मानिसको लागि परमेश्वर आउनु भएको कुरा हो ।
(७) धर्मको स्तर भनेको मानिसको कार्य हो तर सुसमाचारको स्तर भनेको मुक्तिको लागि परमेश्वरको उपहार हो ।

२. धेरै मानिस विनाशको अवस्थालाई महसूस गर्दैनन् ।
(१) वास्तविक पापले मुक्ति नपाएकाहरुको अवस्थालाई संकेत गर्छ । (रोमी ३:१०, २३)
(२) यसको अर्थ उत्पत्ति ३ अध्यायमा उल्लेख गरिएको शैतानको हातमा परेकाहरू हुन् । (एफिसी २:२-३)
(३) दोषी अवस्था डरलाग्दो हुन्छ ।
○ शैतानको आत्माले बाँधिएको अवस्था
○ श्रापित अवस्था
○ प्राकृतिक रुपमा , तिनीहरूको अन्तिम विनाश नआउन्जेल मूर्ति पूजा, पैतृक पूजा, जादूगर , भविष्यवाणी, अन्धविश्वास, पुराना धर्महरूबाट ग्रसित हुन्छन् ।
• आफ्नो जीवनमा असफलताको साथै तिनीहरूले यो संसार छोड्छन् ।
• तेस्रो र चौथो पुस्तासम्म निरन्तर विनाश आउँछ । ( प्रस्थान २०:४)
• राक्षसको शक्ति र अज्ञात रोगहरूबाट आएका मानसिक रोगहरू, बिमारहरूबाट तिनीहरूको शरीर ग्रसित हुन्छ । ( मत्ती ८:१६-१७)
○ अन्तमा तिनीहरू नरकमा समाप्त हुन्छ ।

३. त्यहाँ एक मात्र मुक्तिदाता छ ।
(१) ऊ एक मात्र जोसंग शैतानको शक्तिलाई विनाश गर्ने शक्ति छ ।
(२) ऊ शारीरमा आउनै पर्छ । (यूहन्ना १:१, १४)
(३) तर ऊ पाप रहित हुनैपर्छ । (हिब्रू ४:१५, १ पत्रुस ३:१८)
(४) ऊ आदामको सन्तति हुनु हुदैन |
(५) पापरहित मानिस पापको ज्याला तिर्न मर्नै पर्छ । (उत्पत्ति २:१७)
(६) ऊ परमेश्वर हो भनी प्रमाणको रुपमा पुनरुत्थान हुनैपर्छ । ( १ कोरिन्थी १५:३-५)
(७) त्यो मानिस, येशु ख्रीष्ट बाहेक अरू कोही होइन ।
(८) येशु मात्र, जो आफै परमेश्वर हुन्, उहाँले शैतानको शक्तिलाई विनाश गरी मानिसलाई बचाउन सक्छ । (फिलिप्पी २:६-९)
(९) आज पनि यो परीक्षण गरिरहेको छ । (प्रेरित १६:१६-१८)

४. वास्तवमा मुक्ति भनेको के हो ? (एफिसी २:१-६)
(१) विनाश निम्त्याउने पापबाट छुट्कारा पाउनु हो ।
○ वास्तविक पाप - पाप जसको कारणले आन्तरिक श्राप पाउँछ । ○ बर्तमान पाप - वास्तविक पापको फल
○ पूर्खाको पाप - पूर्खाले गरेको मूर्ति पूजाको पाप जसले सन्ततिमा विनाश ल्याउँछ ।
(२) शैतानको शक्तिबाट उम्कदै पाएको भाग्य हो । (एफिसी २:२)
(३) भविष्यमा स्वर्गमा हुने ठाउँ हो । (एफिसी२:६)
(४) वर्तमानमा देखा परेको प्रमाण हो ।

* उपचार - तिनीहरू जो शैतानबाट पिडित छ ।
(१) विश्वास - उत्पत्ति ३:१५, मत्ती १६:१३-२०, १७:१-८, २८:१६-२०, प्रेरित १:८
(२) आध्यात्मिक शक्ति - तालिका भएको प्रार्थना, निरन्तर प्रार्थना, आध्यात्मिक शक्ति

* १ यूहन्ना ३:८ लाई बुझौं ।

५

## किन मसंग आत्मविश्वास छैन ?

गवाहीचाहिँ यही हो, कि परमेश्वरले हामीलाई अनन्त जीवन दिनुभयो, र यो जीवन उहाँका पुत्रमा छ। जससँग पुत्र हुनुहुन्छ, त्यससँग जीवन छ, जससँग परमेश्वरका पुत्र हुनुहुन्न, त्यससँग जीवन हुँदैन। तिमीहरूले अनन्त जीवन पाएका छौ भन्ने कुरा जान भन्ने हेतुले परमेश्वरका पुत्रको नाउँमा विश्वास गर्ने तिमीहरूलाई यो पत्र लेख्दैछु। (१ यूहन्ना ५:११-१३)

धेरै चर्चहरू सजिलै तरिकाले भन्छन् कि तिनीहरूमा मुक्तिको आश्वासन छैन् । धेरै विश्वासीहरू जोसंग आश्वासन छैन तिनीहरू यसमा पर्दैन् । अझ, ती मानिसहरू जो अनावश्यक कुराहरूमा जीइरहेको छ किनभने तिनीहरूमा आश्वासन छैन् । किन तिनीहरू आश्वासन विना बाचिरहेको छ ? हामीले यस प्रश्नको उत्तर खोज्नै पर्छ ।

१. किनकी तिनीहरूलाई मुक्ति पाएका नयाँ जीवनबारे थाहा छैन ।
(१) मुक्ति पाएको मानिस त्यो हो जसले आफ्नो हृदय , दिमाग र मुखले येशुलाई स्वीकार गर्छ । (यूहन्ना १:१२, प्रकाश ३:२०)
(२) पवित्र आत्माले तिनीहरूमा काम गर्नुहुन्छ जसले येशुलाई आफ्नै शक्ति विना स्वीकार गरेको छ । यो नै साँचो जीवन हो । (रोमी ८:२, १ कोरिन्थी ३:१६, १२:३)
(३) नयां जीवन नभएको मानिसको अवस्था कस्तो छ ?
० आदाम र हवाको जस्तो अवस्था छ जो फ्याकियो । ( मुक्ति पाउनुअघि )
० उसको आत्मा शैतानको नियन्त्रणमा हुन्छ । (यूहन्ना ८:४४, प्रेरित १०:३८ )
० उसले धेरै पउला तर शान्ति पाउन सक्दैन् । (मत्ती ११:२८-२९)
० उसले सफलता पाउला तर समस्याहरू कहिल्यै सकिने छैन । (मत्ती १२:२५)
० उसलाई  थाहा नभई उसको शरीर  शैतानको नियन्त्रणमा हुन्छ । ( एफिसी २:२-३)
० त्यो बेला, उसको शरीर बिरामी हुन्छ । (प्रेरित ८:४-८)  ० उसको हृदय र दिमाग  सताइनेछ । (प्रेरित १६:१६-१८ )
० संसार छोडेको दिन , ऊ नरकमा गइरहेको हुनेछ । (लूका १६:१९-३१)

२. किनकी तिनीहरूलाई मुक्ति पाएका आशिषहरू थाहा छैन ।
(१) पाप जसको कारण श्राप भयो त्यसबाट मुक्त भएकाहरू : ० वास्तविक पाप  ० वर्तमान पाप  ० पूर्खाको पाप
(२) तिनीहरू तुरुन्तै संसारको दु:ख र शैतानको शक्तिबाट स्वतन्त्र हुन्छ । (एफिसी २:२)
(३) तिनीहरू नरकको शक्तिबाट आन्तरिक रूपमा स्वतन्त्र हुन्छ । (एफिसी २:६)
(४) तिनीहरूले अर्को आउने पुस्ताको लागि गवाही छोड्छ । (एफिसी २:७)

३. किनकी तिनीहरूलाई मुक्ति पाएकाको विशेष अधिकार थाहा छैन ।
(१) सुसमाचार घोषणाको विशेष अधिकार केवल संतलाई मात्र दिएको छ ।
० उसले तिनीहरूलाई चट्टान झैं कडा बनाउँछ । ( मुक्ति )  ० उसले आफ्नो चर्च बनाउँछ । ( प्रचार )
(२) शैतानको शक्तिलाई जित्ने विशेष अधिकार केवल संतलाई मात्र दिएको छ ।
० लडाइ गर्ने मनशायको साथ पस्नु आवश्यक छ। ( १ पत्रुस ५:८, याकूब ४:७ )
० अन्तिमसम्म दृढ रहने मनशाय  आवश्यक छ । (लूका १८:५)
(३) उत्तर पाएको प्रार्थनाको विशेष अधिकार केवल संतलाई मात्र दिएको छ ।
० अविश्वासीले पाएको संसारिक आशिषहरू परमेश्वरको अनुमति त इच्छाद्वारा शैतानको शक्तिबाट आएको हो ।( हितोपदेश १६:४)
० त्यसैले तपाईले स्वर्गको साँचो लिएर जानैपर्छ ।

४. किनकी तिनीहरूलाई मुक्ति पाएका जीवनशैली थाहा छैन ।
(१) अविश्वासीको जीवनलाई दृढ बनाउँऔं ।
(२) विश्वासीहरूले पवित्र आत्माको मार्गदर्शन पाउनै पर्छ । (यूहन्ना १४ :२६-२७)  ० चिन्ताहरू बन्द गर (१ पत्रुस ५:७)
० जब तपाई आफैलाई पूर्ण रूपमा इन्कार गर्नु हुन्छ तब तपाईले सबै थोक पाउन सक्नुहुन्छ । ( गलाती २:२० )
० लुकेका कुराबाट  छुट्कारा पाउनु । यी कुराहरूले जीतपछि हार ल्याउँछ । परमेश्वरको आत्मा मानिसद्वारा छलमा पर्दैन ।(प्रेरित ५:१-१०)
(३) यदि तपाई पवित्र आत्माद्वारा डोऱ्याइनु चाहनुहुन्छ भने :
० येशु ख्रीष्ट तपाईको जीवनको केन्द्र हुनैपर्छ । (२ कोरिन्थी ५:१७)
० तपाईको जीवनमा प्रार्थना सबैभन्दा ठुलो प्राथमिकता हुनैपर्छ । (प्रेरित १६:१३, १६ )
० तपाईको जीवनको सम्पूर्णताले सुसमाचारको घोषण गर्नैपर्छ । (प्रेरित १:८)

* उपचार - पैतृक पूजाको समस्या : (१) मृत मानिसको इच्छा (लूका १६:१९-३१)
(२) पैतृक पूजा - बाइबल विपरीत, विज्ञान विपरीत, प्राचिन
(३) पैतक पजाबाट आध्यात्मिक समस्याहरू आउँछ । (१ कोरिन्थी १०:२०, मत्ती १२:४३-४५ )

## ६
## अब मुक्ति पाएका मानिस कसरी परिवर्तन हुनुपर्छ ?

परमेश्वरले हाम्रा निम्ति पवित्र आत्माद्वारा त्यो प्रकट गर्नुभएको छ। किनकि पवित्र आत्माले प्रत्येक कुरा खोज्नुहुन्छ, परमेश्वरका गहिरा-गहिरा कुराहरू पनि खोजी गर्नुहुन्छ। जो मानिस आज आत्मिक छैन, त्यसले परमेश्वरका आत्माका कुराहरू ग्रहण गर्दैन। किनकि ती कुराहरू त्यसको निम्ति मूर्खता हुन्छन्, र त्यसले ती बुझ्न सक्दैन, किनकि ती कुराहरू आत्मिक रीतिले मात्र चिन्न सकिन्छ। (१ कोरिन्थी २:१०, १४)

परमेश्वरले जनलाई बचाउन कुनै चीज बाँकी राख्नु भएन । उहाँ शरीरमा आउनुभयो, रगत बगाउनुभयो, पुनरुत्थान हुनुभयो, स्वर्गमा उचालिनुभयो र अहिले पनि पवित्र आत्माद्वारा हामीलाई हेर्नुहुन्छ । तर पनि, धेरै मानिसहरूले मुक्ति भनेको के हो बुझेका छैनन् ।
१. मुक्तिबारे गलत दृष्टिकोणहरू (मुक्ति नभएका कुराहरू) के के हुन् ?
(१) धर्मले मुक्ति दिन्छ भन्ने गलत सोचाइ छ । (यूहन्ना ३:१-१०)
धर्म मानिसद्वारा बनेको थियो; त्यसैले यो सुसमाचार होइन । अझै पनि राम्रा कार्यहरू गर्ने मनशाय छ । अविश्वासीले राम्रा कामहरू गर्न सक्दैनन् र तिनीहरूले गरेको राम्रा कामहरू परमेश्वरको नजरमा असल छैनन् ।(यूहन्ना ३:१-१०)
( यो समुद्री डाकुले गरेको काम जस्तै हो जुन कति असल छ भन्ने वास्ता गरिन्न र यी सबै लुट्नको लागि मात्र हो ।)
(२) चर्चमा उपस्थित हुनु मुक्ति हो भन्ने सोचाइ छ । "साधारणतया चर्चमा उपस्थित हुनु अर्थहीन र बोझ उठाउनु हो"मत्ती १२:४३-४५ मा येशुले भन्नु भएको जस्तै हो ।
(३) मुक्तिको लागि असल भनेको परिश्रम हो भन्ने सोचाइ छ । के तपाई फरिसीहरूको परिश्रमहरू सम्झनुहुन्छ ? के बौद्ध धर्मावलम्बी मेहेनेती छैनन् र ? यस प्रकारको परिश्रमको फल केवल शून्यता र असफलता हो ।
(४) महान् आदर्शद्वारा मुक्ति पाउन सकिन्छ भन्ने गलत बुझाइ छ । यी आदर्शहरूले हास्यपद फल दिन्छ र जब तपाई एक्लो हुन्छ तब असफल महसूस गर्नु बाहेक तपाईसंग कुनै उपाय हुनेछैन ।
(५) शास्त्र पढ्नु, सम्झनु, धार्मिक वजन गाउनु र प्रार्थनाद्वारा मुक्ति पाउन सकिन्छ भन्ने सोचाइ छ । यिनीहरूले केवल अस्थाई, बाह्य परिवर्तन मात्र ल्याउँछ । मत्ती ११:२८- ३० मा, येशुले समाधान बारे व्य व्याख्या गर्नु भएको र धार्मिक जीवनबाट पिडितहरुलाई उहाँ कहाँ आउन बोलाउनु भएको छ ।
२. त्यसो भए, मुक्ति पाएका अवस्था के हो ?
(१) आन्तरिक (आध्यात्मिक) परिवर्तन हुन्छ ।
(२) मुक्ति पाएको अवस्था भनेको पवित्र आत्माले तपाईमा भरिएको र राज गरेको हुन्छ ।
(३) रोमी ८:२ अनुसार पवित्र आत्मा जीवनको आत्मा हो । यूहन्ना ३:३-५ अनुसार पानी र पवित्र आत्माद्वारा पुनर्जन्म नभएसम्म तपाई परमेश्वरको राज्यमा पस्न सक्नु हुन्न ।
(४) यूहन्ना १४:१६-१७ अनुसार पवित्र आत्मा जुन सत्यको आत्मा हो तपाईसंग रहिरहनेछ ।
(५) जब तपाई पवित्र आत्माले भरिएको बुझ्नुहुन्छ :
० रोमी ८:२,४,९ अनुसार पवित्र आत्माले मुक्तिको आवश्यकता र व्यवस्था पूरा गर्छ ।
० परमेश्वरको इच्छा, आशिष र कृपा थाहा पाउनु (१ कोरिन्थी २:१०-१४)
० तपाई परमेश्वरको मन्दिर हो भन्ने थाहा पाउनु (१ कोरिन्थी ३:१६)
० गलत कुराहरूलाई पवित्र आत्माले ठिक गर्छ । ( गलाती ५:१६-१८)
० पवित्र आत्माले तपाईलाई डोऱ्याउनु हुन्छ किनकी तपाई कमजोर हुनुहुन्छ । (यूहन्ना १४ : २६-२७)
० उहाँले तपाईलाई शान्तिमा डोऱ्याउनु हुन्छ । (यूहन्ना १४ :२७)
० उहाँले प्रार्थनाको जवाफ दिनुहन्छ । (रोमी ८:२६ )  ० भलाईको लागि उहाँले सबै कामहरू गर्नुहुन्छ । (रोमी ८:२८)
३. कसरी तपाई मुक्तिको अवस्थामा पुग्न सक्नु हुन्छ ?
(१) येशुमा रहनु भनेको येशुको जीवन तपाईमा हुनु हो ।
(२) यसको अर्थ पानी र पवित्र आत्माले पुनर्जन्म हुनु हो । ( माथिबाट जन्मनु)
(३) एक मात्र बाटो (यूहन्ना ३:१४-१६)
४. तिनीहरूमा जोसंग यो जीवन (पवित्र आत्मा) छ, चार प्रकारका परिर्वतन देखा पर्नेछ ।
(१) आध्यात्मिक रुपमा, परिवारमा परिवर्तन (यूहन्ना ८:४४ -> १ यूहन्ना ३:२, यूहन्ना ५:२४)
(२) तपाईको स्तर परिवर्तन (रोमी ६:१७ -> रोमी ६:२२)
(३) तपाईको आध्यात्मिक र शारीरिक अवस्थाको परिवर्तन (एफिसी २:१ -> २:५ )
(४) तपाईको जीवनमा मार्गदर्शनको परिवर्तन (एफिसी २:२ -> गलाती ५:१८)
५. कसरी परमेश्वरले तिनीहरूलाई डोऱ्याउनु हुन्छ जोसंग यो जीवन छ ?
(१) उहाँले तपाईलाई कहिल्यै छोड्नु हुनेछैन । तर तपाईलाई अन्तिमसम्म मार्गदर्शन र पवित्र पार्नु हुनेछ । (यूहन्ना १४:१६, २६; गलाती ५:१६-१८)
(२) यो जीवन पाएकालाई कसैले नष्ट गर्न सक्दैन । रोमी ८:३१-३९ लाई पुष्टि गरौं ।
* उपचार - नशालु पदार्थहरू, सबै प्रकारका ड्रगहरू
(१) आध्यात्मिक उपचार (प्रेरित १:४-८, १ कोरिन्थी २:१०, १ यूहन्ना २:२०-२७, प्रेरित १:८)
(२) शारीरिक उपचार (रगत, रगतको भाँडो)

## ७
## अब तपाईले कसरी सुरु गर्नुपर्छ ?

म फेरि संसारमा रहँदिनँ, तर यिनीहरू त संसारमा रहन्छन् । मचाहिँ तपाईंकहाँ आइरहेछु। पवित्र पिता, तपाईंले मलाई दिनुभएको तपाईंको नाउँमा तिनीहरूलाई सुरक्षित राख्नुहोस्, र हामी जस्तै तिनीहरू पनि एक होऊन् । जबसम्म म तिनीहरूसँग थिएँ, तपाईंले मलाई दिनुभएको तपाईंको नाउँमा तिनीहरूलाई सुरक्षित राखें। तिनीहरूको रक्षा गरें। अनि तिनीहरूमध्ये विनाशको छोराबाहेक अरू कोही नष्ट भएन, किनकि धर्मशास्त्र पूरा हुन आवश्यक थियो। (यूहन्ना १७:११-१२)

अब तपाई सुरक्षित हुनुभयो । तपाईले पूर्णरूपमा आध्यात्मिक छुट्कारा र स्वतन्त्रता पाएको छ । त्यसो भए, अब देखि यो संसारमा बाँचुञ्जेल कसरी जीउनु हुन्छ ?

१. संसारको अन्त्यसम्म शैतान हुने कुरा याद गर्नुहोस् । (अन्तिम फैसला )
(१) संसारमा बाइबल एक मात्र त्यस्तो किताब हो जसले शैतानको योजनाहरु उल्लेख गर्छ ।
(२) शैतानको शिर पहिल्यै कुल्चिएको छ । (उत्पत्ति ३:१५)
आफ्नो समयको अन्त्य थाहा पाई नरक जानु पहिले ऊ सकेसम्म विनाश ल्याउने इच्छा गर्दैछ । (१ पत्रुस ५:८)
(३) संसारको अन्तिम दिनमा, शैतान पूर्ण रूपमा बाँधिनेछ । (मत्ती २५:४१)
(४) तर तपाई आफ्नो किनकी शैतानले आफ्नो दुष्ट आत्मा, झुठो भविष्यवाणीकर्ता, दानवहरू प्रयोग गर्नेछ ।
(५) प्रार्थनाद्वारा सधैं विजय प्राप्त (एफिसी ६:१८)
(६) शैतानले तपाईको परिवारलाई विनाश गर्नको कोसिस गर्नेछ । (मत्ती १२:२८-२९)
(७) आश्वासन नभएका विश्वासीहरू र अविश्वासी दुवैलाई सताउन शैतान घुमफिर गर्छ । (१ पत्रुस ५:७-८)
(८) एकपल्ट तपाईले भूतलाई भित्र पस्न दिनुभयो भने त्यो सात गुणा शक्तिशाली भएर अरू भूतहरूसंग फर्कनेछ। (मत्ती १२:४४-४५)
(९) त्यो सबै प्रकारका रोगहरूको कारण हो । (निको नहुने, अज्ञात रोगहरू) ( मत्ती ८:१५-१७)
(१०) त्यसले तपाईको दिमागमा भ्रम ल्याउँछ । ( मर्कुस ५:१०, प्रेरित १६:१६-१८)
(११) आश्वासन हुने विश्वासीहरू देखि त्यो भाग्छ । (याकूब ४:७)
(१२) त्यसले आरम गर्नको लागि सुख्खा ठाउँ खोज्छ । (मत्ती १२:४३-४४)
(१३) विशेष गरी त्यसले भित्र पस्नलाई खाली घर खोज्छ । (मत्ती १२:४५)
(१४ ) सबैभन्दा धेरै, संतले प्रार्थना गरेको र बाइबल जानेको घृणा गर्छ | (१ थेसलोनिकी ५:१६-१८)
(१५) सबैभन्दा धेरै, साँचो आराधना गरेको घृणा गर्छ । (मत्ती ४:८-११)
(१६) प्रभुको दिनमा रहेको र प्रचारदेखि त्यो डराउँछ ।
२. त्यसैले ५ वटा कुराहरू याद गरी जीउनुहोस् ।
(१) सही रूपले येशु ख्रीष्टलाई जान्नु (यशैया ५३ :५, ३यूहन्ना १:२, १ यूहन्ना ३:८)
येशुको नाममा शैतान पूर्ण रुपले बाँधिएको छ ।
(२) त्रियात्मक परमेश्वरको शक्तिमा गहिरो विश्वासमा निरन्तर हुनु जुन बाइबलमा उल्लेख छ । (यूहन्ना ३:१६)
(३) प्रार्थना र विश्वासमा, आफ्नो हृदय, घर र जीवनको सबै क्षेत्रहरूको केन्द्रमा येशु ख्रीष्टलाई राख्नु ।
(४) तपाईको जीवनको प्राथमिकतामा, जब येशु ख्रीष्टको नाम र शक्तिलाई परिक्षण र स्वीकार गर्नु हुन्छ तब तपाईसंग जीत हुनेछ ।
(५) जब तपाईको जीवनको प्रभु येशु ख्रीष्ट हुनेछ तब तपाईको क्षमता, परिस्थितिहरू, बुद्धि र पृष्ठभूमि बाहेक पवित्र आत्माको शक्तिले तपाईमा काम गर्नुहुनेछ ।
३. तलको चित्रलाई परिक्षण गर्नुहोस् र तपाई कहाँ हुनुहुन्छ र कहाँ हुनु पर्ने हो पत्ता लगाउनुस् ।
(१) ख्रीष्टलाई तपाईको जीवनको केन्द्र बनाउनुहोस् र चिन्ताहरु, समस्याहरु र पापको बोझ बिसाउनुहोस् ।
(२) ख्रीष्टलाई तपाईको जीवनको केन्द्र बनाउनुहोस् र आफ्नो जिद्दीपनबाट निस्कनुहोस् ।
(३) ख्रीष्टलाई तपाईको जीवनको केन्द्र बनाउनुहोस् र तपाईको चिन्ताहरूलाई हटाउनुहोस् (नकरात्मक, विनाशकारी मनोशाय)
(४) ख्रीष्टलाई तपाईको जीवनको केन्द्र बनाउनुहोस् र पहिलै आफ्नो अनुभवमा निर्भर नहुनुहोस् ।
(५) ख्रीष्टलाई आफ्नो जीवनको केन्द्र बनाउनुहोस् र कुनै पनि पूर्वाग्रहहरू नराख्नुहोस् किनकी तपाईमा भएको पवित्र आत्मा
पूर्ण छ ।
* उपचार - कमजोरी (परमेश्वरको शक्तिलाई अनुभव गर्ने तरिका )
(१) अनुसूचित प्रार्थना (२) निरन्तर प्रार्थना (३) सहायक प्रार्थना (४) ध्यान केन्दित प्रार्थना (५) कुराकानी प्रार्थना
(६) आधिकारिक प्रार्थना (आफ्नो आध्यात्मिक अधिकारको प्रयोग गरिएको प्रार्थना)

## कहिले परमेश्वरको शक्ति प्रकट भयो ?

तब येशू तिनीहरूकहाँ आएर भन्नुभयो, "स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ। यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ, मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ। हेर, म युगको अन्त्यसम्म सधैँ तिमीहरूका साथमा छु।" (मत्ती २८:१८-२०)

तपाई को हो र येशु ख्रीष्ट को हो भन्ने कुरा जब तपाईले थाहा पाउनु हुन्छ तब तपाईले वास्तवमै परमेश्वरको शक्ति र आशिषहरूको अनुभव गर्न सक्नुहुनेछ । तपाई कहाँबाट आउनु भयो, के गर्नुपर्छ र कहाँ जादै हुनुहुन्छ भन्ने कुरा जब तपाईले बुझ्नुहुन्छ तब यी सबै सुरु हुनेछ ।

१. सर्वप्रथम ७ वटा कुराहरू ध्यानमा राख्नुस् ।
(१) परमेश्वरसंग पूर्ण रूपमा संगतिमा जीउन परमेश्वरकै स्वरूपमा मानिस वास्तविक रूपले सृजना गरिएको थियो ।(उत्पत्ति १:२७)
(२) तर शैतानको कारण, त्यो स्वरूप अन्धकार भयो र मृत्युको अवस्थामा पऱ्यो । (उत्पति ३:१-१०, एफिसी २:१-२, यूहन्ना ८:४४)
(३) त्यो बेला देखि असफलता, मृत्यु र समस्याहरू आयो । (उत्पत्ति ३:११-२०)
(४) यो संसारमा तपाई परदेशी भएर जीउनु भएको छ र त्यसपछि तपाई आफ्नो घर फर्कनु हुनेछ । ( स्वर्ग वा नरक )
(५) परमेश्वर आफ्नो स्वरूप मानिसमा पुनर्निर्माण गर्न र शत्रुको विनाश गर्न यस संसारमा आउनुभयो । (१ यूहन्ना ३:८)
(६) येशु ख्रीष्ट परमेश्वर र मानिस दुवै हुन् । ( यूहन्ना १:१४, फिलिप्पी २:६-१०)
(७) जब तपाई येशुलाई स्वीकार गर्नु हुन्छ तब तपाईको सबै समस्याहरू समाधान हुनेछ । (मत्ती ११:२८)

२. अब ३ वटा लडाइ लड्न सुरु गर्नुहोस् ।
(१) आफै विरूद्धको लडाइ. " यदि तिमीलाई सत्य थाहा छ भने सत्यले तिमीलाई स्वतन्त्र बनाउने छ ।" (यूहन्ना ८:३२)
० तपाईको वर्तमान परिस्थितिहरु परमेश्वरलाई सुम्पनुहोस् र उहाँको योजना नछेक्नुहोस् जुन तपाईको लागि हो ।
० आफ्नो इच्छा भन्दा परमेश्वरको पूर्ण इच्छा खोज्नुहोस् । ( परमेश्वरको प्रार्थना)
० आफ्नो योजना भन्दा परमेश्वरको योजना पूर्ण छ भन्ने कुराको विश्वास गर्नुस् । (रोमी ८:२८-२९)
० तपाईको आफ्नै जिद्दि पन र विचारहरू तपाईलाई हानिकारक छ ।
० परमेश्वरसामु आफ्नो सम्पूर्ण जीवन पूर्ण रूपले समर्पण गर्नुपर्छ ।
० येशु ख्रीष्ट नै सत्य हो र उहाँ पवित्र हुनुहुन्छ । त्यसैले पवित्र जीवन जीउनाले तपाईलाई पूर्ण रुपले स्वतन्त्र तुल्याउँछ ।
(२) शैतान विरुद्धको लडाइ जसले तपाईलाई अन्तिम दिनहरूमा भ्रममा पार्न कोसिस गर्नेछ ।
० तपाईले आफ्नै शक्तिले शैतानलाई विनाश गर्न सक्नु हुन्न तर येशूको शक्तिले सक्छ ।
० यूहन्ना १:१२ ले भन्छ कि परमेश्वरले आफ्नो छोराछोरीहरूलाई अधिकार दिनु भएको थियो ।
० मत्ती २८:१८ ले भन्छ कि येशुसंग स्वर्ग र पृथ्वीको सम्पूर्ण अधिकार छ ।
० राक्षसले पनि येशुको आज्ञाहरू मान्नैपर्छ । ( मुर्कुस १:२७)
० येशु आउनुको कारण शैतानको कार्यहरू नाश गर्न थियो । (१ यूहन्ना ३:८)
० किनकी प्रार्थनाको जवाफ भनेको परमेश्वरसंग हुनु हो । (यूहन्ना १६:२४)
(३) संसार विरुद्धको लडाइ~ पवित्र आत्माको मार्गदर्शन पाउनु
० यूहन्ना १४ : १६ ले भन्छ कि परामर्शदाता(पवित्र आत्मा) तपाईसंग सधैं हुनेछ ।
० यूहन्ना १४ : २६ - २७ले भन्छ कि पवित्र आत्माले तपाईलाई सबै कुराको पुन सम्झाउनेछ ।
० १ यूहन्ना २:२०ले भन्छ कि पवित्र आत्माले तपाई भरिने छ र तपाईले सत्य थाहा पाउनुहुनेछ ।
० मत्ती १२:२८ ले भन्छ कि जहाँ पवित्र आत्मा आउँछ त्यहाँ परमेश्वरको राज्य हुन्छ ।
० प्रेरित १:८ ले भन्छ कि तपाईले शक्ति पाउनुहुनेछ ।

३. कहिले परमेश्वरको शक्तिले काम गर्छ ?
(१) तपाई परमेश्वरको सन्तान भएलगतै आशिषहरू सुरु भयो र वास्तविक पापको सबै समस्याहरू समाधान भयो ।
(२) जब तपाईको वास्तविक पाप क्षमा हुन्छ तब परमेश्वरको शक्ति देखा पर्न सुरु हुन्छ ।
(३) गाह्रोपन, अत्याचार, बिरामी र निराशपन हुँदा परमेश्वरको इच्छा पत्ता लगाउनुस्।
(४) तपाईको जीवनमा परमेश्वरको उद्देश्य पत्ता लगाउनुस् ।
(५) तपाई भएको ठाउँमा परमेश्वरको ठुलो योजना खोज्नुहोस् ।
(६) जब तपाई यी कुराहरूमा प्रार्थना गर्नु हुन्छ तब परमेश्वरको शक्तिलाई तपाईमा आउनेछ।
(७) तपाईको लागि येशु ख्रीष्ट पूर्ण भएपछि तपाई विजयी हुनेछ ।
* उपचार - मानसिक बिरामी
(१) मत्ती १२:२५-४५ (२) प्रेरित १६:१६-१८ (३) मर्कुस ५:१-१०

## ९
## प्रार्थना एक आध्यात्मिक विज्ञान हो ।

तिमीहरू दुष्ट भईकन आफ्ना छोराछोरीहरूलाई असल थोकहरू दिन जान्दछौ भने, तिमीहरूका स्वर्गीय पिताले उहाँसँग माग्नेहरूलाई कति बढ़ी गरेर पवित्र आत्मा दिनुहुन्छ।" (लूका ११:१३)

परमेश्वर सर्वशक्तिमान भएको हुनाले उहाँले तपाईको प्रार्थनाहरु सुन्नुहुन्छ र त्यसका जवाफ दिनुहुन्छ । पापीको रूपमा, तपाईले परमेश्वरलाई आफ्नो बलमा पुकार्न सक्नुहुन्न तर यदि तपाईले येशको नाममा प्रार्थना गर्नुहुन्छ भने (जो पापरहित हुनु हुन्छ) परमेश्वरले जवाफ दिनुहुन्छ ।

१. किन जवाफ पाउँछन् जब अविश्वासीहरूले प्रार्थना गर्छ ?
(१) सबै धर्ममा औपचारिक प्रार्थना वा प्रार्थना गर्ने कर्म छ ।
० जनावरलाई चढाइएको प्रार्थनाको जवाफ किन छ?
० चट्टान वा रुखलाई चढाइएको प्रार्थनाको जवाफ किन छ?
० कागज, चित्रहरू वा फोटोहरुलाई चढाइएको प्रार्थनाको जवाफ किन छ?
० बाकस, हातले बनाएको मूर्तिहरू वा भगवान् भएको भाँडाहरुलाई चढाइएको प्रार्थनाको जवाफ किन छ?
० किन विशेष धर्मका गुरुहरुसंग शाक्ति हुन्छ ?
यसको जवाफ १ कोरिन्थी १०:२० र मत्ती २४:११ मा पाइन्छ ।
(२) अविश्वासीहरूले प्रार्थनाको जवाफ तुरुन्तै पाउँछन् तर त्यो असल वा खराब उद्देश्य प्रदान गरिएपछि असफलता आउँछ
(३) जब परमेश्वरको सन्तानले प्रार्थना गर्छ तब परमेश्वरले ३ तरिकाले जवाफ दिनुहुन्छ ।
० धेरैजसो , तपाईले प्रार्थना गरे लगतै जवाफ आउँछ ।
० यदि अनावश्यक वा हानिकारक भए परमेश्वरले जवाफ दिनुहुन्न ।
० कहिलेकाहीं तपाईले माग्नु भएको भन्दा राम्रो चीज परमेश्वरले प्रार्थनाको जवाफ दिनुहुन्छ । किनकी परमेश्वर आफ्नो जनलाई आशिष दिन चाहनुहुन्छ ।

२. कस्ले परमेश्वरको जवाफ प्राप्त गर्छ (योग्यता) ?
(१) केवल परमेश्वरको सन्तानले जवाफ प्राप्त गर्छ । (यूहन्ना १:१२)
(२) येशुको नाममा प्रार्थना (यूहन्ना १६:२४)
(३) आफ्नो पाप स्वीकारद्वारा जवाफ प्राप्त (भजनसंग्रह६६:१८)
(४) उहाँले तिनीहरूलाई जवाफ दिनुहुन्छ जो विश्वाससंग प्रार्थना गर्छ । (लूका ५:११-१२)
(५) उहाँले तिनीहरूलाई जवाफ दिनुहुन्छ जो अन्तिमसम्म धैर्य भएर प्रार्थना गर्छ । (लूका १८:१-४)
(६) पवित्र आत्माले दिएको सोच, मन र बुद्धिद्वारा जवाफ प्राप्त (फिलिप्पी ४:६-७)

३. प्रार्थना गर्दा परमेश्वरको सन्तानले ध्यान दिनुपर्ने कुराहरू छन् ।
(१) 'मेरो इच्छा' नभई 'परमेश्वरको इच्छा'
(२) 'मेरो योजना' नभई 'परमेश्वरको ठुलो योजना'
(३) 'मेरो परिस्थिति' नभई 'परमेश्वरको रहस्यमय योजना'
(४) 'प्रतिशोधको हृदय' नभई 'क्षमा दिने हृदय'
(५) परमेश्वरको इच्छा पालना गर्ने मनोशाय

४. प्रार्थना एक आध्यात्मिक विज्ञान हो ।
(१) जब तपाई प्रार्थना गर्नुहुन्छ , पवित्र आत्माले काम गर्नेछ । ( लूका ११:१३, मत्ती १२:२८)
(२) जब पवित्र आत्माले काम गर्छ, दुष्ट आत्माको शक्ति बाधिनेछ । ( मत्ती १२:२८-२९)
(३) जब पवित्र आत्माले काम गर्छ, परमेश्वरको शक्तिशाली स्वर्गदूतहरू परमेश्वरको कामको लागि परिचालन हुन्छन् ।
० हिब्रू १:१४ ० प्रकाश८:३-५ ० दानियल १०:१०-२०
(४) यसरी हेर्दा, तपाईको वातावरण परिवर्तन हुन सुरु हुन्छ । ( एस्तर ४:१४)
(५) परमेश्वरले तपाई भएको ठाउँमा जवाफ पाएको मानिसहरू पठाउनु हुनेछ । (प्रेरित १०:१-९)
० उत्पत्ति १८:२-१५ (अब्राहाम) ० १राजा १९:५-७ (यलिया) ० २राजा ६:१३-१७ (एलीशा)
० २राजा २०:१-१० (हिजकिया) ० प्रेरित १:१०-११ ० प्रेरित ५:१९-२०,१०:१-४, १२:१-१० ० प्रकाश १:१-२०

* उपचार - निको नहुने रोग, क्यान्सर
(१) मुक्तिको आश्वासन (२) पवित्र आत्माको काम (३) शैतानको काम
(४) उपचार - अनुसूचित प्रार्थना (पवित्र आत्माले भरिनु), निरन्तर प्रार्थना ( शारीरिक समस्या)
(५) पोषण र औषधि पनि परमेश्वरको आशिष हुन् ।
(६) आध्यात्मिक समस्याको समाधान - आध्यात्मिक शक्ति महत्त्वपूर्ण छ ।

१०

# किन प्रार्थना गर्दा बिरामी निको हुन्छ ?

पत्रुसको घरमा आउनुभएपछि येशूले तिनकी सासूलाई जरोले थलिएर पस्रिएकी देख्नुभयो। उहाँले तिनको हात छुनुभयो, र जरोले तिनलाई छोड्यो। अनि तिनी उठिन् , र उहाँको सेवा गरिन् । जब साँझ पऱ्यो, तब तिनीहरूले उहाँकहाँ भूत लागेका धेरै जनालाई ल्याए। र उहाँले वचनद्वारा नै भूतहरूलाई निकाल्नुभयो, र जति बिरामी थिए, सबैलाई निको पार्नुभयो। यशैया अगमवक्ताले बोलेको अगमवाणी पूरा हुनलाई यो भएको थियो, "उहाँ आफैले हाम्रा दुर्बलताहरू लिनुभयो र हाम्रा रोगहरू उठाइलानुभयो।" ( मत्ती ८:१४-१७)

येशुले बिरामी निको पार्दै सुसमाचार प्रचार गर्नुभयो । संतले उपचार र सुसमाचारको घोषणा जारी राखे । मर्कुस १६:१५-२० मा येशुले हामीलाई साँचो बाचा गरेको थियो ।

१. बाइबलमा उपचारको बाचाहरू छन् ।
(१) " जसले उहाँलाई छोए, तिनीहरू निको भए ।" (मर्कुस ६:५६)
(२) "उहाँले हाम्रो दुर्बलताहरू लिनुभयो र हाम्रो रोगहरू उठाइलानु
भयो ।" (मत्ती ८:१७)
(३) "उहाँको चोटहरुबाट हामी निको भयौ" (यशैया ५३:५)

२. सर्वप्रथम रोगको मुख्य जरो पत्ता लगाउनुहोस् ।
(१) थकान, बेवास्ता, संक्रमण वा उमेरद्धारा हुने रोगहरू छन् ।
(२) तर बाइबलले ३ महत्त्वपूर्ण रोगका कारणहरू उल्लेख गर्छ जुन मानिसद्धारा निको हुदैन । त्यसलाई आध्यात्मिक उपचारको आवश्यक हुन्छ ।
० पापको कारण हुने रोग
क) पूर्खाको पाप : मूर्तिपूजा तेस्रो र चौथो पुस्तासम्मलाई दिएको सजाय हो । ( प्रस्थान २०:४, २ सामुएल १२:१५)
तिनीहरू अज्ञात रोगहरूको रुपमा प्रकट हुन्छ र औषधि उपचारबा ट निको हुन सक्दैन ।
ख) वास्तविक पाप : किनभने मृत अवस्थामा आत्मा छ । उपचार असम्भव छ ।
ग) वास्तविक पापको कारण हुने रोगहरू : २ राजा ५:२७, २ इतिहास २१:१२-१९, १ इतिहास ५:५)
० शैतानद्वारा आएको रोगहरू
क) मानसिक (मर्कुस ५:३-१५) ख) भावनात्मक (एफिसी ४:२३-२७) ग) वातावरणीय ( मत्ती १२:२५-२८)
घ) स्नायू (मर्कुस ९:१७, लूका १३:१६)
० परमेश्वरको इच्छा अनुरूप रोगहरू (२ कोरिन्थी १२:७, दानियल ८:२७)

३. गलत उपचारले खराब अवस्थामा पुऱ्याउँछ ।
(१) उपचार केवल औषधि र टेक्नोलोजीमा निर्भर छ ।
(२) उपचारले भौतिक निष्कर्ष मात्र देखाउँछ ।
(३) उपचार धार्मिक पद्धति, अन्धविश्वास , दृष्ट आत्माहरूमा निर्भर छ ।

४. उपचारको सही तरिका जान्नुहोस् ।
(१) सर्वप्रथम आध्यात्मिक उपचार हुनुपर्छ । (१ यूहन्ना १:२)
० आफ्नो हृदयमा येशुलाई प्राप्त गर्नु (यूहन्ना १:१२)
० पवित्र आत्माले भरिनु (एफिसी ५:१८)
(२) पाप गर्न छोड्नु (याकूब ५:१३-१६)
(३) वातावरण / परिस्थिति सुधार्नु (मत्ती १२:२५-२९)
(४) अब तपाईले भौतिक उपचार गर्न सक्नुहुन्छ । (याकूब ५:१३-१४)

५. उपचारपछि तपाईले गर्नुपर्ने कुरा महत्त्वपूर्ण छ ।
(१) विश्वासको काम जारी राख्नुहोस् । (२) धन्यवादी हृदय र जीवन पुनस्थापना गर्नु (३) गवाहीको जीवन जीउनु

* उपचार - एड्स (AIDS)
(१) एड्सको (AIDS) आगमन (२) यौनसम्पर्क बारे भ्रम, उदाशीनता
(३) कसरी हामीले यसको उपचार गर्न सक्छौ ? ० के यो साच्चै नै निको नहुने रोग हो ? ० प्रार्थनाको शक्तिले समाधान गर्नुहोस् । ० यो संसारमा परमेश्वरले निको पार्ने खाना तयार गरेको छ ।
(४) पवित्र आत्माको शक्तिले यसलाई समाधान गर्नुपर्छ ।